# देशको वर्तमान आर्थिक स्थिति

## *(आर्थिक वर्ष २०६५/६६ को वार्षिक तथ्याङ्कमा आधारित)*

## वास्तविक क्षेत्र

### कुल गार्हस्थ्य उत्पादन

१. नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमानअनुसार आर्थिक वर्ष २०६५/६६ मा देशको कुल गार्हस्थ्य उत्पादनको यथार्थ वृद्धिदर आधारभूत मूल्यमा ३.८ प्रतिशत र उत्पादकको मूल्यमा ४.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उक्त दुबै मूल्यमा ५.३ प्रतिशत रहेको थियो ।

२. आर्थिक वर्ष २०६५/६६ मा कृषि क्षेत्रको उत्पादन वृद्धिदर २.२ प्रतिशत तथा गैर-कृषि क्षेत्रको वृद्धिदर ४.८ प्रतिशत रहेको अनुमान छ । अघिल्लो आर्थिक वर्षमा कृषि तथा गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः ४.७ प्रतिशत र ५.६ प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०६४/६५ मा मौसमी अनुकूलताले गर्दा धान उत्पादन १६.८ प्रतिशतले वृद्धि भएको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा धानको उत्पादन ५.२ प्रतिशतले मात्र वृद्धि भएको तथा प्रमुख हिउँदे बालीमा गहुँको उत्पादन १४.५ प्रतिशत तथा जौको उत्पादन १७.३ प्रतिशतले घटेको कारणले समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको छ । समीक्षा अवधिमा मकै २.८ प्रतिशत, कोदो ०.५ प्रतिशत, आलु १.४ प्रतिशत तथा भटमास २.४ प्रतिशतले उत्पादनमा वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको उत्पादन ७.३ प्रतिशत, फलफूल तथा मसलाको उत्पादन २०.४ प्रतिशत र पशुजन्य वस्तुको उत्पादन ३.४ प्रतिशतले वृद्धि भएतापनि बर्ड फ्लूको कारणले कुखुरा तथा फुलको उत्पादनमा गिरावट आएकोले अन्य पशुजन्य उत्पादन १.८ प्रतिशतले घटेको छ ।

४. केन्द्रीय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६५/६६ को औद्योगिक उत्पादन (म्यानुफ्याक्चरिङ्ग) सूचकाङ्क ०.१९ प्रतिशतको सीमान्त दरले बढेको छ । अघिल्लो आर्थिका वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ०.९४ प्रतिशतले घटेको थियो । समीक्षा बर्षमा चामल, गहुँको पिठो, पशु आहार, हल्का पेय पदार्थ, चाउचाउ, बिस्कुट आदि वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घ्यू, ऊनी गलैचा, तयारी पोशाक, जुटका समान, औषधि, सिमेण्ट, फलामे छड, धातुका समानहरु, बिजुलीका तार तथा केवल आदिको उत्पादन घटेको छ ।

### उपभोग, लगानी र बचत

५. आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ३.२ प्रतिशतले वृद्धि भई ९२ प्रतिशत पुगेको छ । जसअनुसार कुल गार्हस्थ्य उत्पादनमा बचतको अंश ८ प्रतिशतमात्र रहेको छ । त्यसैगरी अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा लगानीको अनुपात ३१.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा २९.७ प्रतिशत मात्र रहेको छ । अघिल्लो

वर्ष कुल गार्हस्थ्य उत्पादनको २१.१ प्रतिशत रहेको कुल स्थिर पूँजी निर्माण आर्थिक वर्ष २०६५/६६ मा सीमान्त दरमा वृद्धि भई २१.२ प्रतिशत पुगेको छ ।

## कुल राष्ट्रिय खर्चयोग्य आय

६. आर्थिक वर्ष २०६४/६५ मा कुल राष्ट्रिय खर्चयोग्य आय १३.९ प्रतिशतले वृद्धि भएकोमा नेपाली कामदारहरुले विदेशबाट पठाएको विप्रेषणलगायत ट्रान्सफर आयमा (प्रचलित मूल्यमा) उल्लेख्य वृद्धि भएका कारण कुल राष्ट्रिय खर्चयोग्य आय आर्थिक वर्ष २०६५/६६ मा २१.२ प्रतिशतले उल्लेख्य वृद्धि भएको छ । समीक्षा अवधिमा कुल खर्चयोग्य आय र कुल गार्हस्थ्य उत्पादनको अनुपात १२४.३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा सो अनुपात १२०.३ प्रतिशत रहेको थियो ।

## पर्यटक आगमन

७. आर्थिक वर्ष २०६४/६५ मा हवाई मार्गबाट ३ लाख ६८ हजार २ सय ५५ जना पर्यटक नेपाल भित्रिएकोमा आर्थिक वर्ष २०६५/६६ मा ०.९ प्रतिशतले गिरावट आई सो संख्या ३ लाख ६४ हजार ८ सय ३० जनामा सीमित भएको छ । क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा तेस्रो मुलुकबाट पर्यटक आगमन ०.५ प्रतिशतले ह्रास भई २ लाख ७७ हजार ११ जना रहेका छन् भने भारतीय पर्यटक आगमन पनि २.३ प्रतिशतले घटेर ८७ हजार ८ सय १८ जना मात्र रहेको छ । अघिल्लो वर्ष तेस्रो मुलुकबाट नेपाल आउने पर्यटकको संख्यामा ११ प्रतिशतले वृद्धि भएको थियो भने भारतीय पर्यटक संख्यामा ११.६ प्रतिशतले गिरावट आएको थियो ।

८. समीक्षा वर्षमा हवाईमार्गबाट आउने पर्यटक संख्यामध्ये भारतीय तथा तेस्रो मुलुकको अंश क्रमशः २४.१ प्रतिशत तथा ७५.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः २४.४ प्रतिशत र ७५.६ प्रतिशत रहेको थियो ।

तालिका : १

**हवाइमार्गबाट नेपाल भ्रमण आएका विदेशी पर्यटकहरुको संख्या**

| विवरण | आगमन संख्या | | | परिवर्तन प्रतिशत | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६४/६५ | २०६५/६६ | २०६५/६६ |
| भारत | १,०१,६९४ | ८९,९१९ | ८७,८१८ | -११.६ | -२.३ | २४.१ |
| तेस्रो मुलुक | २,२९,९९७ | २,७८,३३७ | २,७७,०११ | २१.० | -०.५ | ७५.९ |
| **कुल** | **३,३१,६९१** | **३,६८,२५५** | **३,६४,८२९** | **११.०** | **-०.९** | **१००.०** |

***स्रोतः पर्यटन बोर्ड, नेपाल ।***

## वैदेशिक लगानी

९. लगानीको वातावरणमा अपेक्षित सुधार हुन नसकेको कारण समीक्षा अवधिमा वैदेशिक लगानीमा पनि संकुचन देखिएको छ । नेपाल सरकार, उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा दर्ता गरिएका वैदेशिक लगानी सम्बद्ध परियोजनाको संख्यामा ८.५ प्रतिशतले वृद्धि भएतापनि सो परियोजनाहरुमा

आवद्ध वैदेशिक लगानीको रकममा अघिल्लो आर्थिक वर्षको भन्दा ३६.४ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा रु. ६ अर्ब २५ करोड बराबरको वैदेशिक लगानी प्रतिवद्धता रहेका संयुक्त लगानीका कुल २३० परियोजनाहरु स्वीकृत गरिएका छन् । अघिल्लो आर्थिक वर्षमा कुल रु. ९ अर्ब ८१ करोड बराबरको वैदेशिक लगानी रहेका संयुक्त लगानीका २१२ परियोजनाहरु स्वीकृत गरिएको थियो ।

१०. समीक्षा वर्षमा दर्ता गरिएका वैदेशिक लगानीका २३० परियोजनाहरुमध्ये सेवा सम्बन्धी ७८, पर्यटन सम्बन्धी ६९, उत्पादनमूलक ४८, खनिज सम्बन्धी १७, उर्जा सम्बन्धी ९, कृषि सम्बन्धी ८ र निर्माण सम्बन्धी १ वटा परियोजनाहरु रहेका छन् । उक्त परियोजनाहरुमध्ये खनिजसम्बन्धी परियोजनामा सबैभन्दा बढी अर्थात् १४२.९ प्रतिशतले वृद्धि भएको छ भने निर्माण सम्बन्धी परियोजनामा ९२.३ प्रतिशतले गिरावट आएको छ ।

११. समीक्षा वर्षमा दर्ता भएका उक्त वैदेशिक लगानीका परियोजनाहरुबाट कुल ११ हजार ६८ जनाले रोजगारी पाउने अनुमान गरिएको छ । यो संख्या अघिल्लो आर्थिक वर्षको भन्दा ३.७ प्रतिशतले बढी हो ।

### वैदेशिक रोजगार

१२. आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकार, श्रम तथा रोजगार प्रवर्द्धन विभागले वैदेशिक रोजगारीको लागि कुल २ लाख १९ हजार ९ सय ६५ जनालाई अन्तिम स्वीकृति प्रदान गरेको छ । सो संख्या अघिल्लो आर्थिक वर्ष भन्दा ११.७ प्रतिशतले कम रहेको छ । विश्वव्यापी आर्थिक मन्दीको प्रभावले गर्दा पछिल्ला महिनाहरुमा वैदेशिक रोजगारीमा जानेहरुको संख्यामा क्रमिक रुपमा कमी आएको अनुमान छ ।

१३. नेपाली श्रमिकका प्रमुख गन्तव्य मुलुकहरुमा कतार, साउदी अरब, मलेशिया तथा यूएई रहेका छन् । समीक्षा वर्षमा वैदेशिक रोजगारीमा जान अन्तिम अनुमति प्रदान गरिएका श्रमिकहरुमध्ये करीब ३५ प्रतिशत कतार, २२ प्रतिशत साउदी अरब, १६ प्रतिशत मलेशिया र १४ प्रतिशत युएईका लागि रहेका छन् । कतारको लागि स्वीकृति लिनेको संख्यामा अघिल्लो आर्थिक वर्षभन्दा समीक्षा वर्षमा १०.८ प्रतिशले गिरावट आएतापनि सो मुलुक नेपाली श्रम शक्ति खपत गर्ने देशहरुमध्ये अग्रस्थानमा नै रहेको छ । वैदेशिक रोजगारका लागि जाने अन्य मुलुकहरुमा ओमान, इजरायल, दक्षिण कोरिया जानेको संख्या निरन्तर बढ्दो छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१४. आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति १३.२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा यस्तो मुद्रास्फीति ७.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ९.५ प्रतिशतले मात्र वृद्धि भएता पनि, खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १६.७ प्रतिशतको उच्च दरले वृद्धि भएकोले समग्रमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको तुलनामा उच्च रहेको हो । अघिल्लो आर्थिक वर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको औसत वृद्धि क्रमशः ५.१ प्रतिशत र १०.१ प्रतिशत रहेको थियो । २०६६ असारमा वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ११.४ प्रतिशतले वृद्धि भएको छ । २०६५ असारमा यस्तो सूचकाङ्क १२.१ प्रतिशतले वृद्धि भएको थियो ।

१५. समीक्षा वर्षमा खाद्य तथा पेयपदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको वार्षिक औसत मूल्यवृद्धि सबैभन्दा बढी ४५.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष २०६४/६५ मा यस उप-समूहको मूल्य सूचकाङ्कमा वार्षिक औसत १०.१ प्रतिशतले ह्रास आएको थियो । यसैगरी, समीक्षा वर्षमा दलहन र माछा, मासु तथा फुलको मूल्य सूचकाङ्कमा वार्षिक औसत वृद्धि क्रमशः २५.० प्रतिशत र २३.४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा सो वृद्धिदर क्रमशः १४.२ प्रतिशत र ७.७ प्रतिशत रहेको थियो । रेष्टुरेण्टको खानाको मूल्य सूचकाङ्क अघिल्लो आर्थिक वर्षमा ७.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा वार्षिक औसत वृद्धिदर १८.५ प्रतिशत रहेको छ । यसैगरी, समीक्षा अवधिमा दूध तथा दुग्ध पदार्थ र खाद्यान्न उप-समूहको वार्षिक औसत मूल्य वृद्धिदर क्रमशः १५.० प्रतिशत र १४.३ प्रतिशत रहेको छ । यी उप-समूहको सूचकाङ्क अघिल्लो आर्थिक वर्षमा क्रमशः ७.६ प्रतिशत र १४.६ प्रतिशतले वृद्धि भएको थियो । अर्कोतर्फ आर्थिक वर्ष २०६४/६५ मा २०.९ प्रतिशतको उच्चदरले वृद्धि भएको तेल तथा घ्यूको मूल्य सूचकाङ्क भने समीक्षा वर्षमा १६.३ प्रतिशतले मात्र वृद्धि भएको छ ।

१६. समीक्षा वर्षमा, गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात तथा सञ्चार र सुर्ती तथा सुर्तीजन्य वस्तुको वार्षिक औसत मूल्य क्रमशः १५.८ प्रतिशत र १५.४ प्रतिशतले वृद्धि भएको छ । उक्त वृद्धिदर अघिल्लो आर्थिक वर्षमा क्रमशः २.३ प्रतिशत र ७.४ प्रतिशत रहेको थियो । त्यस्तै, २०६५ जेठदेखि पेट्रोलियम पदार्थको मूल्यमा अत्याधिक वृद्धि भई आर्थिक वर्ष २०६५/६६ को मध्यतिर मूल्यमा केही कमी आएता पनि इन्धन, विद्युत तथा पानीको मूल्य सूचकाङ्कमा १०.६ प्रतिशतले वृद्धि भएको छ ।

१७. समीक्षा वर्षमा काठमाण्डौ उपत्यका, तराई र पहाडको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १४.३ प्रतिशत, १२.८ प्रतिशत र १२.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ७.२ प्रतिशत, ८.१ प्रतिशत र ७.४ प्रतिशत रहेको थियो ।

१८. समीक्षा वर्षमा वार्षिक औसत अन्तरनिहित मुद्रास्फीति (Core Inflation) १२.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.१ प्रतिशत रहेको थियो । वार्षिक विन्दुगत अन्तरनिहित मुद्रास्फीति २०६६ असारमा १२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धि ८.७ प्रतिशत थियो ।

## थोक मुद्रास्फीति

१९. आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औसत राष्ट्रिय थोक मूल्य सूचकाङ्क १२.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु , स्वदेशी उत्पादित वस्तु र आयातीत वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १४.० प्रतिशत, १०.९ प्रतिशत र १२.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुमा क्रमशः ९.५ प्रतिशत, ८.८ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको थियो । वार्षिक विन्दुगत थोक मूल्य सूचकाङ्कको वृद्धिदर भने २०६५ असारमा १३.२ प्रतिशत रहेकोमा २०६६ असारमा १५.३ प्रतिशत रहेको छ ।

२०. समीक्षा अवधिमा, कृषिजन्य वस्तुअन्तर्गत दलहन र फलफूल तथा तरकारीको वार्षिक औसत मूल्यवृद्धि क्रमशः २१.८ प्रतिशत र १३.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः १३.३ प्रतिशत र ११.४ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, अघिल्लो वर्ष ७.०

प्रतिशतले वृद्धि भएको पशुजन्य उत्पादनको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा २६.३ प्रतिशतले ह्रास आएको छ ।

२१. समीक्षा वर्षमा, स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सुर्तीजन्य वस्तु, खाद्यजन्य वस्तु र निर्माण सामग्रीको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः ११.७ प्रतिशत, ११.४ प्रतिशत र ११.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष उक्त सूचकाङ्कहरुमा क्रमशः ६.० प्रतिशत, ९.६ प्रतिशत र १३.८ प्रतिशतले वृद्धि भएको थियो । साथै, आयातीत वस्तुहरुमध्ये यातायात तथा मेशिनरी र कपडाको वार्षिक औसत मूल्यवृद्धि क्रमशः १९.८ प्रतिशत र १५.६ प्रतिशत भएको छ । अघिल्लो वर्ष यातायात तथा मेशिनरीमा ७.७ प्रतिशतले वृद्धि भएको थियो भने कपडाको मूल्यमा २.३ प्रतिशतले ह्रास आएको थियो । अघिल्लो आर्थिक वर्षमा भएको ११.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा पेट्रोलियम वस्तु तथा कोइलाको मूल्यवृद्धिमा केही सुधार भई १०.४ प्रतिशतमा कायम रहेको छ ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

२२. आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १५.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.७ प्रतिशत रहेको थियो । राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलबको सूचकाङ्क वार्षिक औसत १०.५ प्रतिशतले र ज्यालादरको सूचकाङ्क वार्षिक औसत १६.९ प्रतिशतले वृद्धि भएको छ । यस्तो वृद्धिदर अघिल्लो वर्ष क्रमशः १०.९ प्रतिशत र ९.४ प्रतिशत रहेको थियो । २०६५ असोजदेखि सरकारी कर्मचारी लगायत सुरक्षाकर्मी, सरकारी संस्थानका कर्मचारी, शिक्षकको तलब वृद्धि तथा कृषि, औद्योगिक र निर्माण मजदूरहरूको ज्यालादर वार्षिक औसत क्रमशः २३.० प्रतिशत, ८.३ प्रतिशत र १५.३ प्रतिशतले वृद्धि भएको कारणले राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमा चाप पर्न गएको हो । अघिल्लो वर्ष कृषि, औद्योगिक र निर्माण मजदुरको ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर क्रमशः ७.७ प्रतिशत, ११.६ प्रतिशत र १०.२ प्रतिशत रहेको थियो । २०६५ असारमा ११.१ प्रतिशतले बढेको वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २०६६ असारमा १८.४ प्रतिशतले बढेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

२३. आर्थिक वर्ष २०६५/६६ मा कुल निर्यात १३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष कुल निर्यात ०.२ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात ६.२ प्रतिशत र अन्य मुलुकतर्फको निर्यात २६.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारततर्फको निर्यात ७.६ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात १७.३ प्रतिशतले बढेको थियो ।

२४. खासगरी तयारी पोशाक, कपडा, जी.आई. पाइप, खयर र जुत्ता तथा चप्पलको निर्यातमा भएको वृद्धिका कारण भारततर्फको निर्यात बढ्न गएको हो भने दाल, पश्मिना, ऊनी गलैंचा, हस्तकलाका सामान तथा जडीबुटीको निर्यातमा भएको वृद्धिका कारण अन्य मुलुकतर्फको निर्यात बढ्न गएको हो ।

२५. अघिल्लो वर्ष १४.० प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ मा २८.२ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २२.९ प्रतिशतले बढेकोमा यस वर्ष १५.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट

भएको आयात अघिल्लो वर्ष ०.९ प्रतिशतले बढेकोमा यस वर्ष ५१.७ प्रतिशतले वृद्धि भएको छ ।

२६. आर्थिक वर्ष २०६५/६६ मा भारतबाट मुख्यतया सवारी साधन तथा पाटपुर्जा, अन्य मेशिनरी तथा पाटपुर्जा, कोल्ड रोल्ड शीट इन क्वाइल, सिमेन्ट तथा औषधि र अन्य मुलुकबाट विशेषगरी सुन, विद्युतीय सामाग्री, कच्चा भटमासको तेल, एम.एस विलेट र अन्य मेशिनरी तथा पाटपूर्जाको आयातमा भएको वृद्धिका कारण कुल आयात बढ्न गएको हो ।

## शोधनान्तर

२७. आर्थिक वर्ष २०६५/६६ मा समग्र शोधनान्तर रु. ३७ अर्ब ७३ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्ष समग्र शोधनान्तर रु. २९ अर्ब ६७ करोडले बचतमा रहेको थियो । आर्थिक वर्ष २०६५/६६ मा चालू खाता रु. ४१ अर्ब ४४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष चालू खाता रु. २३ अर्ब ६८ करोडले बचतमा रहेको थियो । आर्थिक वर्ष २०६५/६६ मा खुद ट्रान्सफर आय ३६.५ प्रतिशतले बढेको कारण चालू खातामा उच्च बचत सृजना भएको हो । ट्रान्सफरअन्तर्गत विप्रेषण आप्रवाह ४७.० प्रतिशतले वृद्धि भएको छ भने अनुदान २७.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४२.५ प्रतिशत र अनुदान १५.२ प्रतिशतले बढेको थियो ।

## विदेशी विनिमय सञ्चिति

२८. २०६६ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा ३१.७ प्रतिशतले बढी रू. २७९ अर्ब ९९ करोड पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति २८.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६५ असारदेखि २०६६ असार मसान्तसम्ममा कुल सञ्चिति १५.६ प्रतिशतले बढी अमेरिकी डलर ३ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा २१.९ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५/६६ को आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.८ महिनाको वस्तु आयात र ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

२९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६५ असार मसान्तमा प्रति व्यारल अमेरिकी डलर १४३.२५ रहेकोमा २०६६ असार मसान्तमा ५७.० प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ६१.५३ रह्यो । त्यसैगरी सुनको मूल्य २०६५ असार मसान्तको तुलनामा २०६६ असार मसान्तमा ४.९ प्रतिशतले घटी प्रति आउन्स अमेरिकी डलर ९८६.०० बाट अमेरिकी डलर ९३८.०० मा रह्यो ।

३०. २०६५ असार मसान्तको तुलनामा २०६६ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १२.२४ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.३३ प्रतिशतले अवमूल्यन भएको थियो । २०६५ असार मसान्तमा एक अमेरिकी डलरको विनिमय दर रू. ६८.५० रहेको थियो भने २०६६ असार मसान्तमा उक्त विनिमय दर रू. ७८.०५ पुगेको छ ।

## सरकारी वित्त स्थिति

### बजेट घाटा/बचत

३१. आर्थिक वर्ष २०६५/६६ मा नगद प्रवाहमा आधारित बजेट घाटा अघिल्लो वर्षको तुलनामा १६.३ प्रतिशतले वढी रू. २६ अर्ब १५ करोड पुगेको छ। आर्थिक वर्ष २०६४।६५ मा नगद बजेट घाटा रू. २२ अर्ब ४८ करोड रहेको थियो। आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनसँग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात २.७ प्रतिशत रह्यो भने आर्थिक वर्ष २०६४/६५ मा पनि सो अनुपात २.७ प्रतिशत नै रहेको थियो।

### बजेट घाटा पूर्तिका स्रोतहरु

३२. आर्थिक वर्ष २०६५/६६ मा बजेट घाटा पूर्तिका उपायको रूपमा कुल आन्तरिक ऋण रू. १८ अर्ब ४२ करोड परिचालन भएको छ। कुल गार्हस्थ्य उत्पादनसँग सो आन्तरिक ऋणको अनुपात १.९ प्रतिशत हुनआउँछ।

३३. समीक्षा वर्षमा रू. ८ अर्ब ७८ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारले रू. ६२ करोड ६३ लाख अधिविकर्ष लिएको कारण (आ.व २०६४/६५ मा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रहेको रू. ३ अर्ब ९५ करोड बचत समेत समायोजन गर्दा) नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन रू. १० अर्ब २६ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात निकाल्दा १.०७ प्रतिशत हुनआउँछ। फलतः नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण (अधिविकर्षसहित) २०६६ असार मसान्तसम्ममा रू. १२१ अर्ब ५० करोड पुगेको छ।

३४. न्यून वित्त पूर्तिको अर्को उपाय वैदेशिक नगद ऋण परिचालन आर्थिक वर्ष २०६५/६६ मा ३.८ प्रतिशतले कमी आई रू. ३ अर्ब ७२ करोडमा झरेको छ। अघिल्लो वर्ष रू. ३ अर्ब ८७ करोड बराबर वैदेशिक ऋण परिचालन भएको थियो।

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

३५. आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकारको राजस्व ३३.२ प्रतिशतको उल्लेख्य दरले वृद्धि भई २०६६ असार मसान्तसम्ममा रू. १४३ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष नेपाल सरकारको राजस्व २२.७ प्रतिशतले वृद्धि भई रू. १०७ अर्ब ६२ करोड रहेको थियो। फलस्वरुप, राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात आर्थिक वर्ष २०६४।६५ मा १३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा १४.९ प्रतिशत रहेको छ। राजस्व चुहावटमा नियन्त्रण, राजस्व प्रशासनमा सुधारलगायत स्वयंकर घोषणा जस्ता कार्यक्रमहरुमा सरकारको दृढ प्रतिवद्धता एवं गैर-कर राजस्वको परिचालनमा समेत उल्लेख्य वृद्धि भएकोले समीक्षा अवधिमा उत्साहजनक दरले राजस्वको परिचालनमा वृद्धि भएको हो।

३६. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर आर्थिक वर्ष २०६५/६६ मा २८.० प्रतिशतले वृद्धि भई रू. ३९ अर्ब ८९ करोड परिचालन भएको छ। विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारहरुको कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा वृद्धि भएको हो।

३७. आर्थिक वर्ष २०६५/६६ मा भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३४.५ प्रतिशतले वृद्धि भई रू. २६ अर्ब ६४ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व १८.६ प्रतिशतले मात्र

वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु, उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पाटपुर्जाको आयातमा वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकम पनि बढेकाले भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो।

३८. समीक्षा वर्षमा आयकर राजस्व ४२.५ प्रतिशतले वृद्धि भई रू. २७ अर्ब २१ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व १९.९ प्रतिशतले वृद्धि भएको थियो। सरकारको प्रशासनिक एवं राजनैतिक प्रतिवद्धताका कारण स्वयंकर घोषणा कार्यक्रममार्फत उल्लेख्य रुपमा आयकर राजस्व प्राप्त भएकोले समीक्षा अवधिमा आयकर राजस्वमा विस्तार आएको हो।

३९. आर्थिक वर्ष २०६५/६६ मा सरकारको अन्तशुल्क राजस्व ४५.३ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब २९ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व २१.३ प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरूको पहिचान, अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो।

चार्ट : १

**आ.व. २०६५।६६ को राजश्व परिचालनको संरचना**




४०. समीक्षा वर्षमा कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश २७.८ प्रतिशत, भन्सारको १८.६ प्रतिशत, अन्तःशुल्कको ११.४ प्रतिशत र आयकरको अंश १९.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष ती अनुपातहरू क्रमशः २९.० प्रतिशत, १८.४ प्रतिशत, १०.४ प्रतिशत र १७.८ प्रतिशत थिए।

४१. समीक्षा वर्षमा गैर-कर राजस्व १३.९ प्रतिशतले वृद्धि भई रू. २४ अर्ब २९ करोड परिचालन भएको छ। अघिल्लो वर्ष गैर-कर राजस्व ३८.७ प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो वर्ष केही सरकारी संस्थानहरुबाट सरकारलाई प्राप्त हुने लाभांश रकम वृद्धि भएको, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण र नागरिक उड्डयन प्राधिकरण जस्ता संस्थानहरुबाट सरकारलाई उल्लेख्य रुपमा साँवा फिर्ता प्राप्त भएकोमा अघिल्लो वर्षको तुलनामा यस वर्ष

यस्ता रकमहरुको प्राप्तिमा कमी आएको कारण गैर-कर राजस्वको बृद्धिमा समेत केही कमी आएको हो ।

४२. आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक नगद अनुदान ३९.१ प्रतिशतले वृद्धि भई रू. २४ अर्ब ३९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुदान ३७.५ प्रतिशतले वृद्धि भई रू. १७ अर्ब ५३ करोड मात्र परिचालन भएको थियो ।

### सरकारी खर्च

४३. आर्थिक वर्ष २०६५/६६ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३२.० प्रतिशतले वृद्धि भई २०६६ असार मसान्तसम्ममा रू. १९७ अर्ब ९६ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च १९.७ प्रतिशतले बढेको थियो। सबै प्रकारको सरकारी खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा विस्तार आएको हो ।

४४. आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकारको नगद प्रवाहमा आधारित चालू खर्च ३०.८ प्रतिशतले वृद्धि भई २०६६ असार मसान्तसम्ममा रू. ११५ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो वर्ष चालू खर्च १९.१ प्रतिशतले बढेको थियो। सरकारी कर्मचारीहरुको तलब वृद्धि तथा गैरबजेटरी खर्चमा वृद्धि भएकोले समीक्षा अवधिमा चालू खर्च बढेको हो ।

४५. समीक्षा वर्षमा पूँजीगत खर्च ३४.२ प्रतिशतले वृद्धि भई रू. ५८ अर्ब ४ करोड पुगेको छ। अघिल्लो वर्ष पूँजीगत खर्च ३३.९ प्रतिशतले बढेको थियो। आर्थिक वर्षको अन्त्यमा पूँजीगत खर्च बढी हुने प्रवृत्ति, ठेक्कापट्टावापत्को रकम भुक्तानी, सार्वजनिक खरीद प्रक्रियामा तीव्रता, स्थानीय निकायलाई बजेट निकासालगायत साना किसान ऋण मिनाहा कार्यक्रमअन्तर्गत उल्लेख्य रकम भुक्तानी भएको कारण समीक्षा अवधिमा पूँजीगत खर्चमा विस्तार आएको हो ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

४६. आर्थिक वर्ष २०६५/६६ मा मौद्रिक योगाङ्कहरूको विस्तार उच्च रहको छ । आर्थिक वर्ष २०६५/६६ मा विस्तृत मुद्राप्रदाय २७.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षमा उक्त मुद्राप्रदाय २५.२ प्रतिशतले विस्तार भएको थियो । त्यस्तै, समीक्षा वर्षमा संकुचित मुद्राप्रदाय २७.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षमा उक्त मुद्राप्रदाय २१.६ प्रतिशतले बढेको थियो । खुद वैदेशिक तथा आन्तरिक सम्पत्तिको उल्लेख्य वृद्धिका कारण मौद्रिक योगाङ्कहरूको विस्तार उच्च रहेको हो ।

४७. संकुचित मुद्राप्रदाय अन्तर्गत चलनचल्तीमा रहेको मुद्रा अघिल्लो वर्ष १९.९ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा २५.५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६५/६६ मा विप्रेषण आप्रवाहका कारणले ग्रामीण क्षेत्रसम्म मौद्रिक विस्तार हुनु र उक्त क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको सेवा अभावको कारण यसरी विस्तार भएको मुद्रा तत्काल बैंकिङ्ग क्षेत्रमा आउन नसक्नु जस्ता कारणले गर्दा चलनचल्तीमा रहेको मुद्रा बढेको हो। त्यस्तै, माग निक्षेप अघिल्लो वर्ष २५.० प्रतिशतले विस्तार भएकोमा समीक्षा वर्षमा ३०.५ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएकोले माग निक्षेपको वृद्धि उच्च रहेको हो । समीक्षा वर्षमा आवधिक निक्षेपको वृद्धिदर भने अघिल्लो वर्ष भन्दा सीमान्त कम रहेको

छ । अघिल्लो वर्ष आवधिक निक्षेप २७.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा २६.९ प्रतिशतले बढेको छ ।

४८. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू ३७ अर्ब ७३ करोड (२२.० प्रतिशत) ले बढेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति रू २९ अर्ब ६७ करोड (२२.५ प्रतिशत) ले बढेको थियो । समीक्षा वर्षमा विप्रेषण आप्रवाह उत्साहजनक रहनुको साथै नेपाल सरकारको वैदेशिक सहयोग परिचालनमा पनि वृद्धि भएकोले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

## कुल आन्तरिक कर्जा

४९. आर्थिक वर्ष २०६५/६६ मा कुल आन्तरिक कर्जा २४.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा २१.३ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा निजी क्षेत्र र वित्तीय संस्थामाथिको दावी उच्च दरले बढेकोले कुल आन्तरिक कर्जाको वृद्धिदर उच्च रहेको हो ।

५०. अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा नेपाल सरकारमाथिको खुद दावीको वृद्धिदर सीमान्त कम रहेको छ । अघिल्लो वर्ष उक्त दावी ११.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ११.० प्रतिशतले बढेको छ । समीक्षा वर्षमा नेपाल सरकारको राजस्व परिचालनमा उल्लेख्य विस्तार आएकोले बैंकिङ्ग क्षेत्रबाट कम आन्तरिक ऋण परिचालन भएको हुँदा नेपाल सरकारमाथिको खुद दावी कम दरले बढेको हो ।

५१. समीक्षा वर्षमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ९.६ प्रतिशत अर्थात् रू. ५४ करोडले घटेको छ । अघिल्लो वर्ष उक्त दावी १०.४ प्रतिशत अर्थात् रू. ५३ करोडले बढेको थियो । समीक्षा वर्षमा गैर-वित्तीय सरकारी संस्थाहरूमध्ये नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान तथा नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट लिएको कर्जाको केही अंश र नेपाल आयल निगमले सम्पूर्ण कर्जा भुक्तान गरेकोले उक्त संस्थाहरूमाथिको दावी घटेको हो ।

५२. समीक्षा वर्षमा वित्तीय संस्थाहरूमाथिको दावी ६०.५ प्रतिशत अर्थात् रू. २ अर्ब ८५ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त संस्थाहरूमाथिको दावी ३०.० प्रतिशत अर्थात् रू. १ अर्ब ९ करोडले बढेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा सरकारी वित्तीय संस्थाहरूमाथिको दावी घटेपनि वाणिज्य बैंकहरूको विकास बैंक तथा अन्य वित्तीय संस्थामा अल्पकालीन लगानी बढेकोले वित्तीय संस्थाहरूमाथिको दावी उच्च दरले बढेको हो ।

५३. समीक्षा वर्षमा निजी क्षेत्रमाथिको दावी उच्च दरले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रमाथिको दावी २४.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा उक्त क्षेत्रमाथिको दावी २८.३ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा एक वित्त कम्पनीको रुपमा कार्य गरिरहेको किस्ट मर्चेन्ट बैंक एण्ड फाइनान्स कम्पनी लिमिटेड वाणिज्य बैंकमा स्तरोन्नति भएको र उक्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जा समेत निजी क्षेत्रतर्फको कर्जामा समावेश भएकोले उक्त क्षेत्रमाथिको दावी उच्च रहन गएको हो ।

## सञ्चित मुद्रा

५४. समीक्षा वर्षमा सञ्चित मुद्रा ३५.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त मुद्रा २१.२ प्रतिशतले विस्तार भएको थियो । मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा उल्लेख्य

विस्तार आएकोले सञ्चित मुद्राको वृद्धि उच्च रहन गएको हो । सञ्चित मुद्रा वृद्धिको प्रभाव चलनचल्तीमा रहेको मुद्रा र बैंक तथा वित्तीय संस्थाहरूको नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा परेको छ ।

## वाणिज्य बैंकहरूको साधन परिचालन, कर्जा प्रवाह तथा तरलताको स्थिति

५५. आर्थिक वर्ष २०६५/६६ मा वाणिज्य बैंकहरूको निक्षेप परिचालन कुल रू. १२८ अर्ब ३० करोड (३०.४ प्रतिशत) ले बढी २०६६ असार मसान्तमा रू. ५४९ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू. ८७ अर्ब १ करोड (२६.० प्रतिशत) ले बढेको थियो । समीक्षा वर्षमा बचत निक्षेप २२.९ प्रतिशत र मुद्दती निक्षेप ४१.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त निक्षेपहरू क्रमशः २१.१ प्रतिशत र ३३.६ प्रतिशतले बढेको थियो । वाणिज्य बैंकहरूको शाखा विस्तार, एक वित्त कम्पनीको वाणिज्य बैंकमा स्तरोन्नति र उत्साहजनक विप्रेषण आप्रवाहको कारणले निक्षेप परिचालनमा उल्लेख्य विस्तार आएको हो ।

५६. निक्षेप परिचालनको अतिरिक्त वाणिज्य बैंकहरूले पूँजी परिचालनको माध्यमबाट पनि वित्तीय साधन परिचालन बढाएका छन । समीक्षा वर्षमा वाणिज्य बैंकहरूले थप रू. ८ अर्ब ९८ करोडको चुक्ता पूँजी, रू. ९ अर्ब ८३ करोडको साधारण जगेडा र अन्य दायित्व गरी रू. २७ अर्ब ७३ करोडको साधन परिचालन गरेका छन् ।

५७. वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धि अघिल्लो वर्षको तुलानामा समीक्षा वर्षमा सीमान्त दरले कम रहेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३२.५ प्रतिशत (रू. ७५ अर्ब ३२ करोड) ले बढेकोमा समीक्षा वर्षमा ३१.६ प्रतिशत (रू. ९७ अर्ब १५ करोड) ले बढेको छ । फलस्वरूप, समीक्षा वर्षमा कर्जा-निक्षेप अनुपात अघिल्लो वर्षको ८२.६ प्रतिशतबाट घटी ८१.२ प्रतिशतमा कायम भएको छ ।

५८. क्षेत्रगत कर्जातर्फ, उत्पादन, निर्माण, धातुजन्य उत्पादन, मेशिनरी तथा विद्युतीय उपकरण, यातायात, सञ्चार तथा सार्वजनिक सेवा र सेवा क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएको छ । समीक्षा वर्षमा उत्पादन र निर्माण क्षेत्रतर्फको कर्जा क्रमशः १७.३ प्रतिशत र ३८.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रमा गएको कर्जा क्रमशः २०.१ प्रतिशत र ६३.७ प्रतिशतले बढेको थियो । त्यस्तै, समीक्षा वर्षमा यातायात, सञ्चार तथा सार्वजनिक सेवा र सेवा क्षेत्रतर्फको कर्जा क्रमशः १४.३ प्रतिशत र १०.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा क्रमशः २२.८ प्रतिशत र १५.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर जग्गा कारोवारतर्फको कर्जाको वृद्धिदरमा कमी आएको छ । तर, कर्जाको परिमाण भने अघिल्लो वर्ष रू. ८ अर्ब २५ करोडले बढेकोमा समीक्षा वर्षमा रू. १४ अर्ब ३ करोडले बढेको छ । त्यस्तै, समीक्षा वर्षमा खुद्रा तथा थोक व्यापारतर्फको कर्जा २३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा २२.१ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा उपभोग्य कर्जा ५५.९ प्रतिशत अर्थात रू. ५ अर्ब २८ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ३२ करोडले बढेको थियो ।

५९. समीक्षा वर्षमा वाणिज्य बैंकहरूको तरल सम्पत्तिमा उल्लेख्य विस्तार आएको छ । वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष २१.७ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ४७.० प्रतिशतले बढेर रू. ११६ अर्ब ११ करोड पुगेको छ । उच्च विप्रेषण आप्रवाह र नेपाल सरकारले आर्थिक वर्षको अन्त्यमा खर्च बढाएकाले वाणिज्य बैंकहरूको तरल कोषमा उल्लेख्य

विस्तार आएको हो । तरल कोषका अंशहरूमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको नगद मौज्दात ९२.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मौज्दात ५.६ प्रतिशतले बढेको थियो । त्यस्तैगरी, वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात २९.९ प्रतिशतले बढी २०६६ असार मसान्तमा रू. ५३ अर्ब ४१ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त मौज्दात २१.१ प्रतिशतले बढेको थियो । वाणिज्य बैंकहरूको नेपाल सरकारको ऋणपत्रमा रहेको लगानी समेतलाई समावेश गर्दा कुल तरल सम्पत्ति समीक्षा वर्षमा २४.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति १५.५ प्रतिशतले बढेको थियो ।

## तरलता व्यवस्थापन

६०. आर्थिक वर्ष २०६५/६६ मा खुला बजार कारोवारमार्फत् रू. ९ अर्ब ७२ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । समीक्षा वर्षमा सोभ्कै बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. १३ अर्ब २६ करोड गरी कुल रू. २० अर्ब ७२ करोडको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् रू. ११ अर्बको तरलता प्रवाह गरिएको छ । समीक्षा वर्षमा विदेशी विनिमय कारोवारमार्फत् उच्च तरलता प्रवाह भए पनि नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च नगद बचत कायम रहनुको साथै चलनचल्तीमा रहेको मुद्राको विस्तार उच्च रहेकोले माघ, फागुन र जेठ महिनामा बैंकिङ्ग क्षेत्रको तरलतामा केही कमी आएको हुँदा उक्त महिनाहरूमा रिपो बोलकबोलमार्फत् तरलता प्रवाह गरिएको हो । अघिल्लो वर्ष सोभ्कै बिक्री बोलकबोलबाट रू. १४ अर्ब ८५ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. ६ अर्ब ५७ करोड गरी कुल रू. २१ अर्ब ४२ करोड तरलता प्रशोचन गरिएको थियो । रिपो बोलकबोलबाट रू. ९ अर्बको तरलता प्रवाह गरिएकोले समेत गर्दा अघिल्लो वर्ष खुद तरलता प्रशोचन रू. १२ अर्ब ४२ करोडले भएको थियो ।

६१. समीक्षा वर्षमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ८४ करोड १५ लाख खुद खरीद गरी रू. १४२ अर्ब ५० करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्ष नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ५७ करोड १५ लाख खुद खरीद गरी रू. १०२ अर्ब ४१ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो । समीक्षा वर्षमा विप्रेषण आप्रवाह उत्साहजनक रहेको कारण वाणिज्य बैंकहरूबाट उच्च मात्रामा अमेरिकी डलर खरीद हुन गएको हो ।

६२. समीक्षा वर्षमा अमेरिकी डलर १ अर्ब ५२ करोड बिक्री गरी भा.रू. ७३ अर्ब ४० करोड खरीद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर १ अर्ब ७३ करोड बिक्री गरी भा.रू. ७० अर्ब ६० करोड खरीद भएको थियो । भारतीय मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भएकोले समीक्षा वर्षमा भारतीय मुद्रा खरीद गर्न कम अमेरिकी डलरको बिक्री गर्नु परेको हो ।

## स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार

६३. आर्थिक वर्ष २०६५/६६ मा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधाअन्तर्गत कुल रू. १०७ अर्ब ७८ करोड उपयोग गरेका छन् । अघिल्लो वर्ष वाणिज्य बैंकहरूले कुल रू. १०३ अर्ब ८३ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका थिए । त्यस्तै, समीक्षा वर्षमा वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोवार कुल रू. २९३ अर्ब ४२ करोड रहेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूबीच कुल रू. २५८ अर्ब ३२ करोड अन्तर बैंक कारोवार भएको थियो ।

### अल्पकालीन व्याजदर

६४. आर्थिक वर्ष २०६५/६६ मा ९१ दिने ट्रेजरी विल्सको वार्षिक भारित औसत व्याजदर ५.८३ प्रतिशत रह्यो । अघिल्लो वर्ष सो ट्रेजरी विल्सको वार्षिक भारित औसत व्याजदर ४.२१ प्रतिशत रहेको थियो । तर, समीक्षा वर्षमा वार्षिक भारित औसत अन्तर बैंक व्याजदर भने अघिल्लो वर्षकै ५.०७ प्रतिशतमा रह्यो ।

६५. समीक्षा वर्षमा अल्पकालीन बजार व्याजदरका अलावा निक्षेपको व्याजदरहरू पनि बढेका छन् । बचत निक्षेपको अधिकतम व्यजदर २०६५ असार महिनाको तुलनामा २०६६ असार महिनामा १ प्रतिशत विन्दुले बढी ७.५ प्रतिशत पुगेको छ भने ६-महिने, एक वर्षे र दुई वर्षे तथा दुई वर्ष भन्दा माथिको मुद्दती निक्षेपको अधिकतम व्याजदर २०६५ असार मसान्तको तुलनामा २०६६ असार मसान्तमा क्रमश: ०.२५, ३.० र २.७५ प्रतिशत विन्दुले बढी २०६६ असार मसान्तमा क्रमश: ७.० प्रतिशत, ९.० प्रतिशत र ९.५ प्रतिशतमा पुगेको छ । अनिवार्य नगद अनुपातमा गरिएको वृद्धि र बैंक तथा वित्तीय क्षेत्रमा बढेको प्रतिस्पर्धाका कारणले निक्षेप व्याजदर बढ्नमा मद्दत पुगेको हो ।

## धितोपत्र बजार

६६. वार्षिक बिन्दुगत नेप्से सूचकाङ्क २२.२४ प्रतिशतले कमी आई २०६६ असार मसान्तमा ७४९.१० विन्दुमा झरेको छ । यो सूचकाङ्क २०६५ असार मसान्तमा ९६३.३६ थियो । आर्थिक वर्ष २०६५/६६ को अवधिभर नेप्से सूचकाङ्क स्थिर रहेको देखिएन । आर्थिक वर्षको अन्त्यतिर केही सुधार भएको संकेत देखिन्छ ।

चार्ट : २

**आ.व.२०६५।६६ को नेप्से सूचकाङ्क**



६७. वार्षिक बिन्दुगत आधारमा बजार पूँजीकरण २०६५ असारको तुलनामा ४०.०५ प्रतिशतले वृद्धि भई २०६६ असार मसान्तमा रू. ५१२ अर्ब ९४ करोड पुगेको छ । फलस्वरुप २०६६ असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५८.१ प्रतिशत पुगेको छ । २०६५ असार मसान्तमा यस्तो अनुपात ४४.६ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा विगतमाझैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा अर्थात् ७४.६५ प्रतिशत ओगटेका छन् ।

चार्ट : ३

**सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण**




तालिका : २

**बजार पूँजीकरणको स्थिति (२०६५।६६)**

| सूचीकृत क्षेत्रगत कम्पनीहरु | कुल पूँजीकरण (रु. करोडमा) | अंश (प्रतिशतमा) |
|---|---|---|
| **वित्तीय संस्थाहरु** | **३८२९० .१८** | **७४.६५** |
| वाणिज्य बैंकहरु | ३०२२१.९३ | ५८.९२ |
| विकास बैंकहरु | २७१३.७९ | ५.२९ |
| वित्त कम्पनीहरु | ४३००.७१ | ८.३८ |
| **बीमा कम्पनीहरु** | **१०५३.७५** | **२.०५** |
| **उत्पादन तथा प्रशोधन उद्योगहरु** | **७७०.६१** | **१.५०** |
| **होटेल** | **४८५.१९** | **०.९५** |
| **व्यापारिक संस्थाहरु** | **१६९.६४** | **०.३३** |
| **जल बिद्युत कम्पनीहरु** | **२१४१.३७** | **४.१७** |
| **अन्य** | **९४३६.९२** | **१८.४०** |
| **जम्मा** | **५१२९३.९१** | **१००.००** |

६८. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १०७.५० प्रतिशत रही २०६६ असार मसान्तमा रू. ६१ अर्ब १४ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । उक्त वृद्धि रकममध्ये सबभन्दा ठूलो हिस्सा साधारण शेयरको अंश ६३.० प्रतिशत रहेको छ भने हकप्रद शेयरको ३०.७ प्रतिशत र बोनस शेयरको ६.३ प्रतिशत रहेको छ । २०६५ असार महिनाको चुक्ता पूँजीको वृद्धिमा साधारण शेयर, हकप्रद शेयर र बोनस शेयरको अंश क्रमशः १४ प्रतिशत, ५५ प्रतिशत र ३१ प्रतिशत रहेको थियो । यसैगरी सो अवधिमा सूचीकृत कम्पनीहरुले कुल रकम रू. ३ अर्ब ३० करोड बराबरको ऋणपत्र जारी भएको छ ।

६९. २०६६ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १५९ पुगेको छ । २०६५ असार मसान्तमा यो संख्या १४२ रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये १२८ वटा वित्तीय संस्था, १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

७०. समीक्षा वर्षमा रू. १ अर्ब ९२ करोड ४७ लाख वरावरको ३७ वटा कम्पनीहरुको वोनस शेयर रू. ९ अर्ब ३० करोड ७८ लाख बराबरको ५० वटा कम्पनीहरुको हकप्रद शेयर तथा रू. १९ अर्ब ८ करोड ७५ लाख बराबरको १४ वटा कम्पनीको साधारण शेयर स्टक एक्सचेन्जमा सूचीकृत भएको छ ।

७१. २०६६ असार मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.२९ पुगेको छ । यस्तो अनुपात २०६५ असार मसान्तमा ०.४४ रहेको थियो ।

७२. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६५ असार मसान्तमा १०४.५ रहेकोमा २०६६ असार मसान्तमा १४६.९ पुगेको छ ।

७३. नेपाल सरकारले आर्थिक वर्ष २०६५/६६ मा रू. ९ अर्बको ट्रेजरी बिल, रू. ७ अर्ब ८ करोडको विकास ऋणपत्र र रू. १ अर्ब ७ करोड बराबरको नागरिक बचतपत्रको प्राथमिक निश्कासन गरेको छ ।

७४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई आधार बजार मूल्यको रुपमा लिई NEPSE Float Index र Sensitive Float Index गणनाको थालनी गरेको छ । जसमा नेप्से परिसूचक र सेन्सेटिभ परिसूचक गणना गर्दा समाविष्ट रहेको संस्थापक, कर्मचारीहरुलाई वितरित र स्ट्राटेजिक शेयरहरु हटाई सर्वसाधारणलाई वितरित शेयरहरु मात्र समावेश गरेर अन्तिम बजार मूल्यका आधारमा Index तयार गरिएको छ । त्यसैगरी २०६४ असोज ६ गतेदेखि लागू गरेको नेप्से परिसूचकको क्रमशः १५, २० र २५ अंकको परिवर्तन भएमा कारोवार स्थगन (Market Halt) गर्ने सम्बन्धी व्यवस्थालाई २०६५/५/९ देखि परिवर्तन गरी कारोवार शुरु भएको पहिलो १ घण्टाभित्र नेप्से परिसूचक ३ प्रतिशतले परिवर्तन भएमा १५ मिनेटको लागि स्थगन गर्ने, त्यसपछि पुनः ४ प्रतिशतले परिवर्तन भएमा ३० मिनेटका लागि स्थगन गर्ने र त्यसपछि पनि पुनः ५ प्रतिशतको परिवर्तन भएमा उक्त दिनको बाँकि पुरै समयको कारोवार स्थगन गर्ने नीति लागु गरेको छ ।

## वित्तीय प्रणालीमा विस्तार

७५. आर्थिक वर्ष २०६५/६६ मा नेपालको वित्तीय प्रणालीमा १ वाणिज्य बैंक, ५ विकास बैंक र ३ लघु वित्त कारोवार गर्ने संस्था गरी जम्मा ९ वटा बैंक तथा वित्तीय संस्थाहरु थपिएका छन् भने सीमित बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त एकवटा लघु वित्त कारोवार गर्ने गैर-सरकारी संस्थाको इजाजत रद्द गरिएको छ भने एक वित्त कम्पनीलाई “क” वर्गको वाणिज्य बैंकको रुपमा स्तरोन्नतिको स्वीकृत प्रदान भई कारोबार समेत शुरु भएको छ ।

तालिका : ३

**बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| बैंक तथा वित्तीय संस्थाहरु | २०६५असार मसान्त | २०६६ असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंकहरु | २५ | २६ |
| विकास बैंकहरु | ५८ | ६३ |
| वित्त कम्पनीहरु | ७८ | ७७ |
| लघु वित्त कारोवार गर्ने संस्थाहरु | १२ | १५ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरु (सीमित बैंकिङ्ग कारोबार गर्ने) | १६ | १६ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्थाहरु (लघु वित्त कारोवार गर्ने) | ४६ | ४५ |
| बीमा कम्पनीहरु | २५ | २५ |

७६. समीक्षा अवधिमा नयाँ बैंक तथा वित्तीय संस्थाहरुको स्थापनाका साथै वाणिज्य बैंक तथा विकास बैंकका शाखाहरुको विस्तारमा तिब्रता आएको छ । उदाहरणको लागि, वाणिज्य बैंकहरुको शाखा संख्या २०६६ असार मसान्तसम्ममा १९४ ले वृद्धि भई ७५२ पुगेको छ । सो संख्या २०६५ असार मसान्तमा ५५८ रहेको थियो ।